आज मिति २०८२ मंसिर १६ गते मंगलवारका दिन नीलकण्ठ नगर-कार्यपालिकाको वैठक नगर प्रमुख श्री भीमप्रसाद ढुंगानाज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्न प्रस्तावहरुमा छलफल तथा निर्णय गरियो।

## उपस्थिति

१ नगर प्रमुख श्री भीमप्रसाद ढुंगाना

२. नगर उप-प्रमुख श्री दिपक विश्वकर्मा

३. प्रमुख प्रशासकीय अधिकृत श्री हरिदत्त कंडेल (सचिव)

४. वडा अध्यक्ष श्री गणेश वहादुर गुरुङ

५. वडा अध्यक्ष श्री ध्वज वहादुर गुरुङ

६. वडा अध्यक्ष श्री राजकुमार श्रेष्ठ

७. वडा अध्यक्ष श्री हरि वहादुर श्रेष्ठ

८. वडा अध्यक्ष श्री राम वहादुर श्रेष्ठ

९. वडा अध्यक्ष श्री भुपेन्द्र कुमार श्रेष्ठ

१०. वडा अध्यक्ष श्री गौतमहरि अधिकारी

११. वडा अध्यक्ष श्री प्रकाशकुमार श्रेष्ठ

१२. वडा अध्यक्ष श्री राजन वराइली

१३. वडा अध्यक्ष श्री सरोज पाण्डे

१४. वडा अध्यक्ष श्री राम वहादुर श्रेष्ठ

१५. वडा अध्यक्ष श्री धर्मराज भण्डारी

१६. वडा अध्यक्ष श्री सोम वहादुर गुरुङ

१७. वडा अध्यक्ष श्री नमराज दुवाडी

१८. कार्यपालिका सदस्य श्री चिनामाया श्रेष्ठ

१९. कार्यपालिका सदस्य श्री राम्री नेपाली

२०. कार्यपालिका सदस्य श्री छनुमाया गुरुङ

२१. कार्यपालिका सदस्य श्री शान्ता थापा

२२. कार्यपालिका सदस्य श्री विशाल रोक्का

२३. कार्यपालिका सदस्य श्री लक्ष्मण रम्तेल

२४. कार्यपालिका सदस्य श्री मञ्जु थापामगर

२५. का.वा.अध्यक्ष श्री राजन अधिकारी वडा नं.७

२६ सुनिल थापा मगर वडा नं. ९

<u>अन्य आमन्त्रित उपस्थिति</u>

सरोज तिवारी

मितिः २०८२।०८।१६ गते

**वैठकमा छलफलका विषयहरुः**

१. आयोजना वैंक सम्वन्धमा।
२. कृषि उपज प्रशोधन्न केन्द्र सञ्चालन सम्वन्धमा।
३. कृषि वजार पूर्वाधार निर्माण सम्वन्धमा।
४. कोल्डच्याम्वर निर्माण सम्वन्धमा।
५. वैदेशिक रोजगार वोर्डको सचिवालयवाट प्रदान गरिने सन्तती छात्रवृति सहायताको लागि सिफारिस गर्ने सम्वन्धमा।
६. नीलकण्ठ नगरपालिकाको आ.व.२०७६/७७ को महालेखा परिक्षकद्वारा गरिएको लेखा परिक्षणको अन्तिम प्रतिवेदनको सामाजिक सुरक्षा तर्फको दफा ११२.१ का सम्वन्धमा।
७. नगर प्रहरी नायव निरीक्षक नियुक्ति गर्ने सम्वन्धमा।
८. वातावरण संरक्षण तथा शहरी वन कार्यक्रमका लागि वडा छनौट गर्ने सम्वन्धमा।
९. वडागत योजनामा साझेदारी रकम तथा अन्य स्रोत व्यवस्थापन गर्ने सम्वन्धमा।
१०. विद्यालयमा शैक्षिक अनुदान उपलब्ध गराउने सम्वन्धमा।
११. वडा वाल अधिकार समितिको गठन गर्ने सम्वन्धमा।
१२. वालमैत्री स्थानीय शासनका लागि सहजकर्ताको जिम्मेवारका सम्वन्धमा।
१३. वालकल्याण अधिकारीको जिम्मेवारी तोक्ने सम्वन्धमा।
१४. रकम भुक्तानीका सम्वन्धमा।
१५. नगर विकास कोषसँग ऋण रकम माग गर्ने सम्वन्धमा।
१६. विस्तृत अध्ययन प्रतिवेदन स्वीकृत गरी सम्झौता वमोजिमको रकम भुक्तानी दिने सम्वन्धमा।
१७. वडागत भैपरी आउने विविध योजना तर्फका योजनाहरु कार्यान्वयन गर्ने सम्वन्धमा।
१८. नगर कार्यपालिकाको नियमित वैठक तथा समसामायिक विषयहरुमा छलफल तथा समिक्षाका सम्वन्धमा।
१९. सहुलियतपूर्ण कर्जाको समय सिमा वढाउने सम्वन्धमा।
२०. विस्तृत अध्ययन गर्ने सम्वन्धमा।
२१. अन्य विविध विषयहरुका सम्वन्धमा।

नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको बैठक

मितिः २०८२।०८।१६ गते

## निर्णयहरु:

१. **आयोजना वैकका सम्वन्धमा:**

यस नगरपालिकाको आयोजना वैकमा समावेश गर्ने आयोजनाहरुको विविरण सवै वडाहरुवाट प्राप्त भइ नसकेकोले सवै वडाहरुवाट योजना तथा कार्यक्रमहरु प्राप्त भएपश्चात आगामी कार्यपालिका वैठकमा पेश गर्ने निर्णय गरियो।

२. **कृषि उपज प्रशोधन केन्द्र सञ्चालनका सम्वन्धमा:**

हेफर नेपाल र नीलकण्ठ नगरपालिका र हेफर नेपालको साझेदारीको कार्यक्रम अन्तर्गत नगरपालिकाले नीलकण्ठ नगरपालिका वडा नं.८ स्थित वाह्रमुरेमा निर्माण गरेको कृषि उपज संकलन केन्द्र सञ्चालनको लागि मिति २०८२/०७/२३ गतेको निर्णयानुसार कृषि समुह तथा सहकारी संस्थालाई प्रस्ताव पेश गर्न सार्वजनिक सूचना गरिएकोमा निर्धारित मिति भित्र रितपूर्वक पेश भएका प्रस्तावहरुको मापदण्ड अनुसार कार्यालयवाट मूल्याङ्कन गरी मूल्याङ्कनमा सवै भन्दा वढी अंक प्राप्त गर्ने नीलकण्ठ नगरपालिका वडा नं.८ को आँकुरा कृषि सहकारी संस्था लि. लाई सञ्चालनका लागि सिफारिस भई आशयको सूचनासमेत जारी भईसकेको र तोकिएको अवधि भित्र कुनै उजुरी/गुनासो यस कार्यालयमा प्राप्त नभएकोले प्रस्तावनामा उल्लिखित दरको रकम लिई उक्त सहकारी संस्थासँग आर्थिक वर्ष २०८२/०८३ (मिति २०८३ असार मसान्त सम्मको) को लागि सम्झौता गरी कृषि उपज संकलन केन्द्र सञ्चलान गर्न दिने निर्णय गरियो।

३. **कृषि वजार पूर्वाधार निर्माणका सम्वन्धमा:**

यस नगरपालिकाको चालू आ.व.२०८२/०८३ को संघीय सशर्त तर्फको कृषि वजार पूर्वाधार निर्माणका लागि सहयोग शिर्षकमा १९ लाख ७५ हजार रुपैया विनियोजन भएकोले उक्त रकमवाट कृषि वजार पूर्वाधार निर्माणका लागि उपयुक्त स्थानहरुमा छनौट गरी आगामी वैठकमा पेश गर्ने निर्णय गरियो।

४. <u>कोल्डच्याम्वर निर्माणका सम्वन्धमाः</u>

यस नगरपालिकाको चालू आ.व.२०८२/०८३ को संघीय सशर्त तर्फको कोल्ड च्याम्वर निर्माण शिर्षकमा रु २० लाख रुपैया विनियोजन भएकाले उक्त रकमवाट नीलकण्ठ नगरपालिका वडा नं.८ मा कोल्ड च्याम्वर निर्माण गर्ने निर्णय गरियो। साथै उक्त निर्माण कार्य कार्यालय/उपभोक्ता समिति/सहकारी मार्फत निर्माण गर्ने व्यवस्था मिलाउने निर्णय गरियो।

५. <u>वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्रदान गरिने सन्तती छात्रवृद्धि सहायताको लागि सिफारिस गर्ने सम्वन्धमाः</u>

नेपाल सरकारको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार वोर्डको सचिवालयको मिति २०८२/०७/०३ गते र यस नगरपालिकाको मिति २०८२/०७/११ गते प्रकाशित बैदेशिक रोजागर सन्तती छात्रवृद्दी सहायताको लागि निवेदन पेश गर्ने सूचना अनुसार यस नीलकण्ठ नगरपालिकामा तोकिएको समयावधि भित्र पेश भएको तपसिल बमोजिमका विद्यार्थीहरूलाई वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्रदान गरिने सन्तती छात्रवृत्ति सहायताको लागि सिफारिस गर्ने निर्णय गरियो।

तपसिल

| सि.नं. | विद्यार्थीको नाम | अनध्यनरत विद्यालयको नाम | बैदेशिक रोजगारमा भएकोव्यक्तिको नाम | अङ्गभङ्ग/मृत्यु | अङ्गभङ्ग/ मृत्युसँगको | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | फुर्मी तामाङ | लालिगुँरास नेशनल एकेडेमी | वेद प्रकाश तामाङ | मृत्यु | छोरा | पुरानो |
| २ | प्रज्जवल गुरुङ | चिल्ड्रेनपार्क आ. मा.वि. | थान बहादुर गुरुङ | मृत्यु | छोरा | पुरानो |
| ३ | रोजिना श्रेष्ठ | पन्चकन्या मा.वि. | राजु श्रेष्ठ | मृत्यु | छोरी | पुरानो |
| ४ | केशव वराइली | न्यु किवो वोर्डिङ स्कूल | सिताराम बराइली | मृत्यु | छोरा | पुरानो |
| ५ | गंगा वराइली | नीलकण्ठ वालमन्दिर मा.वि. | सिताराम बराइली | मृत्यु | छोरी | पुरानो |
| ६ | जमुना वराइली | नीलकण्ठ वालमन्दिर मा.वि. | सिताराम बराइली | मृत्यु | छोरी | पुरानो |
| ७ | युवराज सिंखडा | कर्णेश्वर माध्यामिक विद्यालय | ईश्वर शर्मा सिंखडा | अंगभंग | छोरा | नयाँ |
| ८ | युवना सिंखडा | जलकन्या आधारभुत विद्यालय | ईश्वर शर्मा सिंखडा | अंगभंग | छोरी | नयाँ |
| ९ | संस्कृती गुरुङ | चिल्ड्रेनपार्क आ. मा.वि. | राम गुरुङ | मृत्यु | छोरी | पुरानो |
| १० | राजिववावु तामाङ | न्यु धादिङ वोर्डिङ स्कूल | मंग तामाङ | मृत्यु | छोरा | पुरानो |

६. **नीलकण्ठ नगरपालिकाको आ.व.२०७६/०७७ को महालेखा परिक्षकद्धारा गरिएको लेखा परिक्षणको अन्तिम प्रतिवेदनको सामाजिक सुरक्षा तर्फको दफा ११२.१ का सम्वन्धमाः**

यस नगरपालिकाको आ.व.२०७६/०७७ को अन्तिम लेखा परिक्षण गर्ने क्रममा सामाजिक सुरक्षातर्फको दफा ११२.१ मा नगरपालिकावाट सामाजिक सुरक्षा भत्ता वितरणको लागि ऐ.ऐ.वर्ष देहाय वमोजिमका वैकहरुमा पेश्की रु १८०३७०२४२ पेश्की नजनाई खर्च लेखेको देखिन्छ। उक्त रकमको खर्च विवरण (रिभर्स फिड) पेश हुन नआएकोले कति रकम लाभग्राहीलाई वितरण भएको र कति रकम वाँकी रहेको सम्वन्धमा यकिन हुन सकिएन। पालिकाले रिभर्स फिड माग गरी खर्च नभएको रकम व्याजसमेत हिसावगरी नियमानुसार असुल फर्छ्यौट हुनुपर्ने विषय उल्लेख भएको विषयमा छलफल गर्दा आ.व.२०७६/०७७ को सामाजिक सुरक्षा भत्ता बैकको नाममा गएको, लाभग्राहीहरुको लगत अध्यावधिक गरिएको साथै व्यक्तिगत घटना दर्ता (मृत्यु र वसाइसराइ) समेतलाई यकिन गरी रकम भुक्तानी भइ बाँकी रकमका सम्वन्धमा कृषि विकास वैकको च.नं.४२१ मिति २०८२/०७/२८ गतेको प्राप्त पत्रानुसार दाखिला भएको रकम रु ४२०६०६००।- (अक्षेरुपी चार करोड विस लाख साठ्ठी हजार छ सय रुपैया) रकम सम्बन्धित लाभग्राहीको नाममा बैंक दाखिला भएकाले पूर्णरुपमा कार्यान्वयन तथा सदुपयोग भएको, छड्के रुपमा विषय वस्तु बुझ्दा समेत उक्त भत्ता सम्बन्धित लाभग्राहीहरुले बुझिलिएको देखिन्छ, यसमा कुनै विवरण फरक नपरेको र सामाजिका सुरक्षा भत्ता वितरण नियमसम्मत भएको देखिएको हुँदा यसमा कुनै त्रुटी/संका वा सिकायत/गुनासो मान्नुपर्ने अवस्था देखिदैन, आ.व.२०७६/७७ को बेरुजु प्रतिवेदनमा देखिएको उक्त सामाजिक सुरक्षा रकम खर्च लेख्ने क्रममा भएको प्रक्रियागत त्रुटीको कारणले पेश्की जनाइ लेख्नुपर्नेमा सोझै बजेट खर्च लेख्दा समस्या भएको देखिन्छ। गत आ.व.२०८०/०८१ को अन्तिम लेखापरिक्षण हुँदा सम्म पनि कृषि विकास बैंकबाट रिभर्स फिड पेश हुन नआएको हुँदा पुरै रकमको बेरुजुको समपरिक्षण गत आ.व.मा यस कार्यालयको अन्तिम लेखापरिक्षणका लागि खटिएको डोर समक्ष पेश गर्न असमर्थ भएकाले आ.व. २०८१/०८२ को लेखा परिक्षणका लागि अन्तिम लेखापरिक्षणका लागि खटिएको डोर समक्ष सामाजिक सुरक्षा भत्ता खर्च शिर्षक अनुसार पेश्की रकम उल्लेख हुनुपर्नेमा वजेट खर्च

लेखिएकोमा सो त्रुटी सच्याइ बेरुजु फर्छ्यौट/समपरिक्षणको लागि डोर समक्ष पेश गर्ने र यस प्रकारका त्रुटी पुनः हुने सम्भावना नभएकाले र आगामी दिनमा सामाजिक सुरक्षालाई अझ प्रभाकारी रुपमा वितरणको व्यवस्था मिलाउने र सो सम्वन्धमा उल्लेखित बेरुजु फर्छ्यौटका लागि डोर समक्ष पेश गर्ने निर्णय गरियो।

७. नगर प्रहरी नायव निरिक्षक नियुक्ती गर्ने सम्वन्धमाः,

यस कार्यायको नगर प्रहरी तर्फको नगर प्रहरी नायव निरीक्षकको दरवन्दी २०८१ माघ देखी रिक्त रहेको र उक्त पद भन्दा एक तह मुनिको पदमा कार्यरत नगर प्रहरी सहायक निरीक्षक डिल्लिरमण लम्सालले उक्त पदमा रही कार्य गर्नको लागि योग्यता पुगेको र इच्छुक भइ कार्यालयमा उक्त रिक्त पदमा नियूक्ति गरिपाउँ भनी निवेदन पेश गरेको, निवेदक यस नगरपालिकमा नगर प्रहरी सहायक निरीक्षक पदमा मिति २०७८/०८/०३ गने देखी निरन्तर सेवा गरी ४ वर्ष भन्दा वढीसमय सेवा गरेको देखिएको, यस कार्यालयमा निज नगर प्रहरीको रुपमा कार्यरत रहदा र हालसम्म कुनै कैफियत तथा विभागीय कार्वाहीमा नपरेको, निज इमान्दार र कर्तव्यनिष्ट रहेको र निजको कार्य सम्पादन मूल्याङ्कन उत्कृष्ठ रहेकोले निजलाई नीलकण्ठ नगरपालिकाको नगर प्रहरी ऐन,२०८१ को दफा ११ उपदफा (७) को थप वाक्याशं वमोजिम मिति २०८२/०८/०३ गतेदेखी लागू हुने गरी नगर प्रहरी सहायक निरीक्षक पदमा करारमा नियूक्ति गरी कामकाजमा लगाउने निर्णय गरियो।

८. वातावरण संरक्षण तथा शहरी वन कार्यक्रमका लागि वडा छनौट गर्ने सम्वन्धमाः,

डिभिजन वन कार्यालय, धादिङको प.सं.२०८२/०८३ च.नं.६५३ मिति २०८२/०८/११ गतेको प्राप्त पत्रानुसार वागमती प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालय, हेटौडाको चालु आ.व.२०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम वमोजिम वातावरण संरक्षण तथा शहरी वन कार्यक्रम (व.उ.शी.नं. ३२९००१०३) तर्फको एक जिल्ला एक वडा प्लाष्टिक मुक्त अभियान कार्यक्रम जिल्लाको कम्तिमा एक वडालाई पूर्णरुपमा ४० मिलिमाइक्रोन भन्दा पातलो प्लाष्टिक प्रयोग मुक्त वनाउने र त्यसलाई अन्य वडाका लागि अनुकरणीय र नमुनायोग्य वनाउने उद्देश्यले स्थानीय जनप्रतिनिधिको समन्वय र सहकार्यमा कार्यक्रम कार्यान्वयनका लागि वडा छनौट गरी कार्यान्वयन गर्न सहजिकरणका लागि अनुरोध भइ

आएकाले नीलकण्ठ नगरपालिकाको वजार क्षेत्रसमेत रहेको वडा नं.३ लाई छनौट गर्दा उपयुक्त हुने हुँदा ३ नं. वडालाई उक्त कार्यक्रम कार्यान्वयनका लागि छनौट गरी कार्यान्वयनका लागि सिफारिस गर्ने निर्णय गरियो। साथै सो सम्वन्धमा फोकल विन्दु भई सम्पूर्ण कार्य गर्नको लागि खानेपानी सरसफाइ तथा स्वच्छता वोर्डलाई जिम्मेवारी तोक्ने निर्णय गरियो।

९. <u>वडागत योजनामा साझेदारी रकम तथा अन्य स्रोत व्यवस्थापन गर्ने सम्वन्धमाः</u>

नीलकण्ठ नगरपालिकाको १७ औं अधिवेशनवाट वडागत साझेदारीको आयोजना कार्यान्वयनको लागि समपुरक/साझेदारी वडागत शीर्षकमा विनियोजित रु ४० लाख देहायका वडाहरुवाट प्राप्त आयोजनाहरुमा नगरपालिकाको तर्फवाट उक्त रकम साझेदारीको रुपमा विनियोजन गरी कार्यान्वयन गर्ने निर्णय गरियो। साथै साझेदारीका लागि अपुग हुने रकम अन्य सार्वजनिक निर्माण शीर्षकमा विनियोजन भएको रकमवाट खर्च लेखी योजना कार्यान्वयन गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

| सि.नं. | योजनाको नाम | ठेगना | वडावाट विनियोजन भएको रकम | नगरपालिकावाट विनियोजन रकम | विनियोजित कुल वजेट | स्वीकृत वजेट शीर्षक |
|---|---|---|---|---|---|---|
| १ | वडा स्तरीय सडक स्तरोन्नती | नी.न.पा.१२ | ४०००००० | २५००००० | ६५००००० | समपुरक/साझेदारी वडागत |
| २ | घुम्ती देखी शान्तिटार जाने सडक स्तरोउन्नती | नी.न.पा.३ | ३५००००० | १५००००० | ५०००००० | समपुरक/साझेदारी वडागत |
| ३ | इजरा मन्दिर देखी सिरानगाउँ सम्म सडक ढलान तथा नाला मर्मत | नी.न.पा.३ | ६००००० | १५००००० | २१००००० | अन्य सार्वजनिक निर्माण |

१०. <u>विद्यालयमा शैक्षिक अनुदान उपलब्ध गराउने सम्वन्धमाः</u>

नीलकण्ठ नगरपालिकाको चालु आ.व.२०८२/०८३ को स्वीकृत नीति, कार्यक्रम तथा वजेट अन्तर्गत शिक्षा तर्फ शाखागत वजेट शीर्षकको विद्यालयमा विविध शैक्षिक अनुदानमा विनियोजन रकम रु १६,००,०००।- (अक्षरुपी सोह्र लाख) देहाय वमोजिमका विद्यालयहरुलाई विद्यालयले पेश गरेको प्रस्तवाना अनुसार थप शिक्षक व्यवस्थापनका लागि शैक्षिक अनुदान रकम उपलब्ध गराउने निर्णय गरियो।

| सि.न. | विद्यालयको नाम ठेगाना | अनुदान रकम रु | कैफियत |
|---|---|---|---|
| १ | श्री जलदेवी आ.वि. नी.न.पा. २ | २६४००० | |
| २ | श्री मनकामनादेवी आं.वि. नी.न.पा. ५ | २६४००० | |

| | | | |
|---|---|---|---|
| ३ | श्री चण्डेश्वरी मा.वि. नी.न.पा. ९ | ४००००० | |
| ४ | श्री कुमारीदेवी मा.वि. नी.न.पा. १० | ३७४००० | |
| ५ | श्री पशुपती मा.वि. नी.न.पा. १२ | २९२००० | |
| | जम्मा रकम | १५९४००० | |

११. वडा वाल अधिकार समितिको गठन गर्ने सम्वन्धमाः,

वालमैत्री स्थानीय सरकार घोषणाका लागि नेपाल सरकारद्वारा निर्धारित सूचकहरुको अधिनमा रही कार्यसम्पादन गर्ने र नीलकण्ठ नगरपालिकालाई वाल मैत्री स्थानीय सरकारको रुपमा घोषणाका लागि तयार भएका ऐन, कार्यविधि, कार्ययोजना वमोजिम स्थानीय रुपमा नगरपालिकाका १४ वटै वडाहरुमा वडा स्तरीय वाल अधिकार समिति गठन गर्ने निर्णय गरियो।

१२. वालमैत्री स्थानीय शासनका लागि सहजकर्ताको जिम्मेवारीका सम्वन्धमाः,

नीलकण्ठ नगरपालिकालाई वालमैत्री स्थानीय सरकारको रुपमा घोषणा गर्नका लागि नेपाल सरकारद्वारा निर्धारित सूचकहरु पुरा गर्न तथा वालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयनका लागि स्थानीय सहजकर्ता यसै कार्यालयमा कार्यरत श्री सुवास खतिवडा (ना.प.से.प्रा. चौथो) लाई कार्यालयवाट मिति २०८२/०७/११ गते देखी जिम्मेवारी तोकिएकोमा सो जिम्मेवारी स्वीकृत गरी निजलाई नै स्थानीय सहजकर्ताको रुपमा अर्को व्यवस्था नभएसम्मका लागि तोक्ने निर्णय गरियो।

१३. वालकल्याण अधिकारीको जिम्मेवारी तोक्ने सम्वनधमाः,

नीलकण्ठ नगरपालिकालाई वालमैत्री स्थानीय सरकारको रुपमा घोषणा गर्नका लागि नेपाल सरकारद्वारा निर्धारित सूचकहरु पुरा गर्न तथा वालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयनका लागि नीलकण्ठ नगरपालिकाको वालवालिका सम्वन्धी ऐन, २०८० को दफा ८ वमोजिम हुने गरी वाल कल्याण अधिकारीको रुपमा सामाजिक विकास अधिकृत श्री उर्मिला थपलियालाई (अधिकृत छैठौं) अर्को व्यवस्था नभएसम्मका लागि जिम्मेवारी तोक्ने निर्णय गरियो। साथै यस पूर्वका वालवालिकाको अधिकार क्षेत्रमा भएका निर्णयहरु एवम्

वालमैत्री स्थानीय सरकार घोषणाका लागि भएका सम्पूर्ण निर्णयहरु एवम् कार्यसम्पादनलाई स्वीकृत गर्ने निर्णय गरियो।

१४. रकम भुक्तानीका सम्वन्धमाः.

क. नीलकण्ठ नगरपालिकाको वन,वातावरण तथा विपद् व्यवस्थापन समितको विभिन्न मितिमा भएको निर्णय उपर छलफल गरियो। साथै नगरपालिकाको भौगोलिक क्षेत्रभित्र गत आ.व. र चालु आ.व.को श्रावण, भाद्र र असोज महिनामा अधिक मात्रमा वर्षाद भइ खानेपानी पाइप, सिचाइ पाइप, कुलो लगायतका पूर्वाधारहरुमा क्षति पुर्‍याएकोले विपद् व्यवस्थापन समितिवाट निर्णय भै तत्काल राहत स्वरुप विपद्जन्य स्थानहरुमा खानेपानी पाइप, सिचाइ पाइपहरु उपलब्ध गराइ समस्या समाधानका लागि नगरपालिकावाट वितरण गरिएकोमा सो वापतको विल रकम रु ७,०२,४७८.४० (अक्षेरुपी सात लाख दुइ हजार चार सय अठहत्तर रुपैया चालिस पैसा) सम्वन्धित फर्मलाई चालु आ.व.को प्रकोप व्यवस्थापन कोषवाट खर्च लेखी भुक्तानी दिने निर्णय गरियो।

ख. नगरपालिकाको भौगोलिक क्षेत्रभित्र गत आ.व. र चालु आ.व.को श्रावण, भाद्र र असोज महिनामा अधिक मात्रमा वर्षाद भइ खानेपानी पाइप, सिचाइ पाइप, कुलो लगायतका पूर्वाधारहरुमा क्षति पुर्‍याएकोले विपद् व्यवस्थापन समितिवाट निर्णय भै तत्काल राहत स्वरुप विपद्जन्य स्थानहरुमा खानेपानी पाइप, सिचाइ पाइपहरु उपलब्ध गराइ समस्या समाधानका लागि नगरपालिकावाट वितरण गरिएकोमा सो वापतको विल रकम रु २,०२,५२९.९० (अक्षेरुपी दुइ लाख दुइ हजार पाँच सय उन्नान्तिस रुपैया नव्वे पैसा) चालु आ.व.मा कार्यान्वयन हुने गरी विनियोजित विविध खर्च शिर्षकवाट खर्च लेखी सम्वन्धित फर्मलाई भुक्तानी दिने निर्णय गरियो।

१५. नगर विकास कोषसँग ऋण रकम माग गर्ने सम्वन्धमाः.

यस नगरपालिकाको भौगोलिक क्षेत्र भित्र रहेका खानेपानी तथा सरसफाइजन्य सम्पूर्ण पूर्वाधारहरुको मर्मत सम्भारका लागि नगरपालिकाको आन्तरिक श्रोत/साधनले मात्र कार्यान्वयन गर्न अपर्याप्त हुने वा कार्यान्वयन गरी सञ्चालनमा ल्याउन सकिने अवस्था

नदेखिएको हुँदा नगर विकास कोषसँग ऋण रकम माग गरी खानेपानी तथा सरसफाइजन्य सम्पूर्ण पूर्वाधाहरुको मर्मत सम्भार गरी नगरपालिकालाई तिर्खामुक्त नगरपालिका एवम् वातावरणमैत्री नगरपालिकाको रुपमा निर्माण गर्ने अभियानलाई सार्थक वनाउन नगर विकास कोषसँग २० करोड रुपैया ऋण रकम माग गर्ने निर्णय गरियो। साथै नगर विकास कोषसँग माग गरिएको ऋण रकममा नगर विकास कोषको नियमानुसार लाग्ने वित्तिय व्यवस्था/उत्तरदायित्व र नियमित किस्ता भुक्तानीको व्यवस्थापनमा खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन वोर्डको दायित्व हुने गरी ऋण रकम प्राप्तिका लागि नगरपालिकाले आवश्यक सहजिकरण गर्ने निर्णय गरियो।

१६. <u>विस्तृत अध्ययन प्रतिवेदन स्वीकृत गरी सम्झौता वमोजिमको रकम भुक्तानी दिने सम्वन्धमा:.</u>

यस नगरपालिकाको १० नं. वडा को सल्लाघारी कुमाइज्यामरुङ्ग भदौरे सडक र राममन्दिर तिमिल्सिना गाउँ अधिकारी गाउँ सडकको विस्तृत अध्ययन प्रतिवेदनका लागि यस कार्यालयवाट श्री फ्युचर क्रियटर्स कन्सलटेन्सी प्रा.लि.लाई आवश्यक प्रक्रिया पुरा गरी सम्झौता तथा कायदिश दिएकोमा स्वीकृत कार्यक्षेत्रगत सर्त र सम्झौता अनुसारको कार्यसम्पन्न गरी भुक्तानीका लागि पेश भएकोमा उक्त सडकको डि.पि.आर. स्वीकृत गर्ने निर्णय गरियो। साथै सो डि.पि.आर. निर्माण गर्ने सेवा प्रदायक श्री फ्युचर क्रियटर्स कन्सलटेन्सी प्रा.लि लाई डि.पि.आर. तयार गरेवापत कार्यालयवाट भएको सम्झौता वमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो।

१७. <u>वडागत भैपरी आउने विविध योजन तर्फका योजनाहरु कार्यान्वयन गर्ने सम्वन्धमा:.</u>

नीलकण्ठ नगरपालिकाको १७ औं अधिवेशनवाट स्वीकृत योजना तथा कार्यक्रम अन्तर्गत वडा नं. १० को प.सं. २०८२/०८३ च.नं.४१६ मिति २०८२/०७/२१ को पत्र एवम् वडा नं. १३ को प.सं.२०८२/०८३ च.नं. १४७,१४८ मिति २०८२/०५/१९ गतेको पत्रवाट वडागत भैपरी आउने विविध योजना तर्फको वजेटवाट देहाय वमोजिमका योजना तथा कार्यक्रमहरुमा वजेट विनियोजन गरी कार्यान्वयनको प्रक्रिया अगाडि वढाएकोमा उक्त योजना तथा कार्यक्रमहरु स्वीकृत गर्ने र प्राविधिक मुल्याङ्कन पश्चात भुक्तानी दिने निर्णय गरियो।

| सि.न | विनियोजन शिर्षक | कार्यान्वयन हुने योजना | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | भैपरी आउने विविध योजना तर्फ विनियोजन रकम रु ३०००००।- | १.आकस्मिक मर्मत सम्भार तर्फ वडावाट विनियोजन भएको रकम रु ८,००,०००।- र भैपरी आउने विविध योजना तर्फवाट थप रकम रु २,००,०००।- गरी जम्मा रु | १०००००० | थप रकम |
| २. | भैपरी आउने विविध योजना तर्फ विनियोजन रकम रु ६०००००।- | १.वटुवा मधुवन सडक | १००००० | |
| | | २.वटुवादेखी सर्कोष, सेउलीदेखी वडा कार्यालय सडक, सेउली गैरीगाउँ जैभले कार्पे सडक,रांम डाँडा वडा कार्यालयवाट भाङ्गखर्क सडक र माझगाउँ फलेले सडक | १००००० | |

१८. <u>नगर कार्यपालिकाको नियमित वैठक तथा समसामायिक विषयहरुमा छलफल तथा समिक्षा सम्वन्धमाः</u>

यस नगरपालिकाको आ.व. २०८२/०८३ को कार्तिक मसान्तसम्मको वजेट तथा कार्यक्रम लगायत नगर कार्यापालिकाको कार्यालय एवम् मातहतका सम्पूर्ण शाखागत कार्यालयहरुमा दैनिक प्रशासन सञ्चालनका सन्दर्भमा भएका सम्पूर्ण कामकाज तथा कार्यसम्पादनका सम्वन्धमा भएका सम्पूर्ण निर्णयहरु उपर छलफल तथा समिक्षा गरियो। साथै नगर कार्यपालिकाको कार्यालय एवम् सम्पूर्ण मातहतका कार्यालयहरुवाट कार्यसम्पादन गर्दा सेवाग्राही तथा आम नागरिकहरुलाई केन्द्रमा राखी छिटो र सहज किसिमले पारदर्शीता कायम गरी सेवा उपलब्ध गराउन देहाय वमोजिम हुने गरी व्यवस्था मिलाउनेसमेत निर्णय गरियो।

<u>यस नगरपालिकाबाट हुने सेवा प्रवाहलाई सरल सहज र प्रभावकारी बनाउन देहाय बमोजिमका कार्य गर्नेः</u>

(क) नीलकण्ठ नगरपालिकाको नगर कार्यपालिका कार्यालय तथा मातहतका कार्यालयबाट प्रवाह हुने सेवा लाई थप चुस्त, छरितो र पारदर्शीता कायम गरी सेवाप्रवाहलाई प्रभावकारी बनाउने।

(ख) सेवा प्रवाहलाई सेवाग्राही मैत्री बनाउन र सेवा प्रवाहको नियमित अनुगमन निरीक्षणको लागि संस्थागत विकास तथा सुशासन समितलाई थप सक्रिय हुन निर्देशन दिने।

(ग) नियमितरुपमा घुम्ति शिविरहरु आयोजना गर्ने।

(घ) सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई सहज गराउने भत्ता उपलब्ध गराउने बैंकलाई आवश्यकतानुसार वडामा पुगी वितरण गर्ने प्रवन्ध मिलाउने।

(ङ) अनलाईन माध्यमबाट सेवा प्रवाह गर्न आवश्यक अध्ययन गरी सम्भव हुने सेवाहरु अनलाईनबाटै दिने व्यवस्था मिलाउने।

१९. सहुलियतपूर्ण कर्जाको समय सिमा वढाउने सम्वन्धमाः,

मेयर उद्यमशीलता विकास कार्यक्रम निर्देशिका, २०७६ को ४ नं. वमोजिम गठित सञ्चालक समितिको मिति २०८२/०४/२८ गतेको निर्णयावाट यस नगरपालिकाबाट सञ्चालित मेयर उद्यमशीलता विकास कार्यक्रम अन्तर्गत सहुलियतपूर्ण कर्जा लिएका उद्यमीहरुलाई कार्यविधिले तोके अनुसार वढीमा ४ बर्षको लागि सहुलियतपूर्ण कर्जाका लागि व्याजमा अनुदान उपलब्ध गराउने व्यवस्था रहेकोमा उद्यमीहरुको गुनासोलाई सम्वोधन गर्दै यस नगरपालिकाको सिफारिसमा प्रदान हुने सहुलियतपूर्ण कर्जाका सम्बन्धमा कार्यविधि वमोजिम नै हुने व्यवस्था मिलाउने तर रु १० लाख भन्दा बढिको सहुलियतपूर्ण कर्जाको म्याद वैङ्किङ नियमानुसार कर्जा चुक्ता गर्ने म्याद कम्तिमा ७ वर्ष वा सो भन्दा वढी हुने गरी व्यवस्थापन गर्न साझेदार बैकलाइ पत्रचार गर्ने तर कर्जा चुक्ताको समयावधि जतिसुकै भए पनि नगरपालिकाको सिफारिसमा प्रवाह हुने सहुलियतपूर्ण कर्जामा नगरपालिकावाट भुक्तान हुने व्याज रकमको आधिकम हद म्याद बढीमा ४ बर्ष हुने वा नगरपालिकाले जारी गरेको कार्यविधि अनुसार नै हुने गरी आवश्यक सहजिकरणका लागि ग्लोवल आईएमआइ वैकलाई पत्राचार गर्ने निर्णय गरियो। साथै उद्यमीहरुको माग अनुसार कर्जा चुक्ताको म्याद थप भएमा ४ वर्ष भन्दा वढी समयावधिको किस्ता वा साँवा व्याज भुक्तानीको सम्पूर्ण जिम्मेवार सम्वन्धित उद्यमीहरु नै हुने व्यवस्था मिलाउने निर्णय गरियो।

२०. विस्तृत अध्ययन गर्ने सम्वन्धमाः,

नीलकण्ठ नगरपालिकाको नगर गौरवको आयोजना अन्तर्गत निर्माणाधिन रहेको र धादिङ जिल्लाकै सदरमुकाममा अवस्थित खेलकुद मैदान निर्माण भइरहेकोमा सो खेलकुद मैदानमा स्टडियम निर्माणका लागि विस्तृत अध्ययन गरी थप प्रभावकारी रुपमा आयोजनाको कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिएको हुदाँ चालु आ.व.२०८२/०८३ मा सेवा तथा परामर्श शीर्षकमा विनियोजन भएको रकमवाट सो स्टडियम निर्माणको विस्तृत अध्ययन प्रतिवेदन तयार गर्ने निर्णय गरियो। सो का लागि चालु आ.व.मा कार्यान्वयन हुने गरी

विनियोजित वजेटवाट रु नौ लाख रुपैया विनियोजित गरी डि.पि.आर तयारीका लागि आवश्यक प्रक्रिया अगाडि वढाउने निर्णय गरियो।

२१. <u>अन्य विविध विषयहरुका सम्वन्धमा:</u>

क. नीलकण्ठ नगरपालिकाको गत आ.व.२०८१/०८२ को स्वीकृत नीति, कार्यक्रम तथा वजेट अन्तर्गत नगरपालिकाद्वारा गरिव तथा जेहेन्दार विद्यार्थी शैक्षिक छात्रवृत्ति कार्यक्रमका लागि विनियोजित वजेटको चालु आ.व.२०८२/०८३ को मिति २०८२/०८/१५ गतेका दिन वितरण गरिएकोमा उक्त विनियोजन भएको रकम छात्रवृत्ति वितरण गर्दा रु २५ हजार अपुग भएकोले अपुग रकम रु २५ हजार चालु आ.व.२०८२/०८३ को विविध खर्च शिर्षकवाट लेखी शिक्षा, यूवा तथा खेलकुद शाखाका कर्मचारी श्री मेघनाथ कोइरालालाई शोधभर्ना दिने व्यवस्था मिलाउने निर्णय गरियो।

ख. नीलकण्ठ नगरपालिका वडा नं. १ मा धर्म/सास्कृतिक कार्यक्रमको प्रवर्द्धन र जगेर्नाका लागि तमुल्होसार कार्यक्रमका लागि गत आ.व.२०८१/८२ मा वडागत वजेट शीर्षकवाट खर्चहुने गरी विनियोजन भइ वृहत साँस्कृतिक कार्यक्रम आयोजना भएको र कार्यक्रम सम्पन्न पश्चात भुक्तानीका लागि नीलकण्ठ नगरपालिकामा पेश भएकोमा वडागत विविध शीर्षकमा विनियोजन भएको वजेट दायित्व सार्न छुट भएको र उक्त कार्यक्रम सम्पन्न भएको हुदाँ भुक्तानी दिन वाँकी रकम रु १,००,०००।- (अक्षेरुपी एक लाख रुपैया) चालु आ.व.२०८२/०८३ को विविध खर्च शीर्षकमा विनियोजन भएको रकमवाट खर्च लेखी भुक्तानी दिने निर्णय गरियो।